**खण्ड ४, संख्या ७, मिति २१ भाद्र २०७७**

आमचोक राजपत्र
आमचोक सरकारद्धारा प्रकाशित
खण्ड ४ संख्या ७, मिति २१ भाद्र २०७७

# भाग २

## आमचोक गाउँपालिकाको
## टोल विकास संस्था गठन तथा संचालन सम्वन्धि कार्यविधि, २०७७

स्वीकृत मिति २०७७।०५।०५

**१ संक्षिप्त नाम र प्रारम्भः** क) यो कार्यविधिको नाम **"टोल विकास संस्था गठन तथा संचालन सम्वन्धि कार्यविधि २०७७"** रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषा :**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क "टोल विकास संस्था" भन्नाले दफा ३ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ख) "टोल विकास संस्था कार्यसमिति" भन्नाले दफा ३ "क" बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ग) "साधारण सभा" भन्नाले टोल विकास संस्थाको प्रत्येक घरधुरीबाट प्रतिनिधित्व साधारण सदस्य सहितको वार्षिक भेलालाई जनाउँदछ । सो शब्दले विषेश साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

घ) "सामुदायिक विकास अभियान " भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारीताका मुल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउछ ।

ङ) "पूर्ण सरसफाइ उन्मुख अवस्था" भन्नाले सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउछ।

च) "सामाजिक समावेशीकरण" भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था बुझाउछ।

छ ''गाउँपालिका'' भन्नाले आमचोक गाउँपालिकालाई जनाउछ।

ज ''कार्यालय'' भन्नाले आमचोक गाउँकार्यपालिकाको कार्यलयलाई जनाउदछ।

झ ''वडा कार्यालय'' भन्नाले गाउँपालिका अन्तर्गतका वडा कार्यालयलाई जनाउदछ।

**२.उद्देश्यः** टोल विकास संस्था गठन गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार छन।

क) टोलवस्तीस्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुच अभिबृद्धि गर्ने।

ख) टोलवासीहरुमा उद्यमसिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रर्वधन गर्ने।

ग) टोलवस्ती स्तरमा समानता, समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने।

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रकृयामा समान अवसर र अधिकार प्रदान गर्ने।

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने।

च) वस्ती/टोल स्तरमा सबै संस्थाहरुको प्रवेश द्धारको रुपमा टोल विकास संस्थालाई विकास गदै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने।

छ) टोल विकास संस्थाहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मुल्याङ्कन प्रकियामा सहयोग पुर्याउने।

ज) टोलका सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरि तिनिहरुको अभिलेख तयार गर्ने।

झ) टोलका समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने।

ञ) वातावरण र सरसफाई, बालमैत्री पालिका/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार, उद्यमसिलता विकासका अभियान संचालन गर्ने।

ट) टोलविकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संर्वद्धन गर्ने।

ठ) टोल वस्ती स्तरको उत्पादन वृद्धि गरी आर्थिक विकासलाई टेवा पुर्याइ स्वरोजगार सृजना गर्ने।

**३. टोल विकास संस्थाको गठन**

टोल विकास संस्थाको गठन देहाय बमोजिम हुनेछः गठन गरिनेछ। सामान्यतया निश्चित भौगालिक क्षेत्रको टोलमा न्युनतम धुरी १५ घर नभए सम्म सो टोलमा टोलविकास संस्था गठन गर्न सकिनेछैन तर कुनै निश्चित भौगालिक क्षेत्रको टोलमा १०० भन्दा बढि घरधुरीभएको हकमा

न्युनतम १०० घरधुरी कायम गरी बढी हुने न्युनतम घरधुरी संख्या ( १५) लाई आधर मानेर मात्र अर्को टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका **सम्पुर्ण** घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ **। सो** सम्भव नभए कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ **।** महिला सहभागिता हुन सक्ने अवस्थामा टोल विकास संस्थामा सहभागि भएका मध्ये न्यूनतम ४०% महिला आबद्ध गराउनुपर्नेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्था गठन गर्दा समुदायको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य गरी **न्यूनतम ७ र** अधिकतम २१ सदस्यीय एक कार्यसमिति गठन हुनेछ । उक्त कार्यसमितिमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ । समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेशिकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग) कार्यसमितिका सदस्य बाहेक सम्वन्धित टोलका टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरी संस्थाका साधारण सदस्य हुनेछन्।

घ) टोल विकास कार्यसमितिको पदावधि ३ वर्षको हुनेछ । साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट नेतृत्व परिर्वतन हुनेछ एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति पुन: सोहि पदमा ३ वर्षको अवधि व्यतित नभई चयन हुनेछैन । कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ङ) **कुनै एक सामाजिक व्यक्तित्वको** संयोवकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ । सल्लाहकार समितिको संयोजक टोल विकास कार्य समितिको वैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछ ।

च) टोल विकास संस्थाको गठन र संचालनको ढाँचालाई स्पष्ट (अनुसुचि-१)मा उल्लेखित नमुना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गनुपर्नेछ ।

**४. दर्ता /सूचिकृत**

टोलविकास संस्थाको दर्ता/सूचिकृत देहाय बमोजिम हुनेछः

क) टोल विकास संस्थाको बैठकमा सर्वसम्मत निर्णय गराई वडासमितिको सिफारिसमा गाउँपालिकाले दर्ता/सूचिकृत गर्नेछ । टोल विकास संस्थालाई गाउँपालिकामा दर्ता/सूचिकृत गर्दा पेश गर्ने निवेदनको ढाँचा अनुसूचि नमूना (२) मा उल्लेख गरिएको छ ।

ख) टोल विकास संस्थाबाट निर्णय गरि दर्ताका लागि निवेदन पेश गरेमा गाउँपालिकाले ( अनुसुची ३) बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ । नयाँ कार्यसमितिको गठन

पश्चात गाउँपालिकाको कार्यालयमा प्राप्त प्रकृया पुरा गरि आएको निवेदनानुसार कार्यालयले संस्था नविकरण गर्नुपर्नेछ ।

ग) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित कुनै काम गरेमा वा प्रचलित कानुनले गर्न नपाउने गरेमा कार्य वडा समितिको सिफारिसमा गाउँपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ । दर्ता खारेज भएको ३० दिन भित्र सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

**५. टोल विकास संस्थाको काम कर्तव्य र अधिकार :**

टोल विकास संस्थाले आफनो टोल क्षेत्रको विकास समग्र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्:

क) टोलमा धनि गरिबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रकृया र श्रोतमा समान अधिकार प्रदान गर्ने ।

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित र टोलको विकासको लागि सहजिकरण गर्ने ।

ग) टोलमा उद्यम विकासँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजिकरण गर्ने ।

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम सदुपयोग गर्ने ।

ङ) टोलको सामुहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने ।

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह, छुवाछुत जस्ता सामाजिक समस्याको पहिचान गरि सुधारका कार्यक्रमहरु संचालन गर्ने ।

छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क. अध्यावधिक गर्न सूचना अभिलेख गर्ने ।

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिस गर्ने ।

झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन गर्ने ।

ञ) आफनो वडा तथा टोललाई सामुदायिक विकास अभियान संग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गगारिक खेती विस्तार, नश्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने ।

ट) टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षण तथा व्यवस्थापन गाउँपालिकालाई सहयोग गर्ने ।

ड) गाउँपालिकाको राजश्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

ढ) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने । लेखा राख्ने र लेखा परिक्षण गराउने ।

ण) गाउँपालिकासगँ भएको साझेदारी अनुसार अन्य कार्य गर्ने ।

६. **टोल विकास कार्य समितिको वैठकः** टोल विकास कार्यसमितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

क) टोल विकास संस्थाका सदस्यहरुको हित एवं् समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक महिनामा कम्तिमा १ पटकमा नघट्ने गरी बस्नेछ ।

ग) समितिको वैठकमा आवश्यक्ता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

घ) सचिवले संस्थाको वैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखि **अध्यक्षवाट** प्रमाणित गराउपर्नेछ ।

ङ) टोल भेला वा साधारण सभा वा विषेश साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पुर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थिति प्रमाणित भएको हुनपर्नेछ ।

८. **आर्थिक व्यवस्थापनः** संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**१) टोल विकास संस्थाको आम्दानीः** क) विभिन्न सरकारी तथा गैरसरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदान ।

ख) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने आम्दानी ।

ग) टोल विकास संस्थाको नाफाबाट प्राप्त समितिको निर्णयानुसार प्राप्त हुने रकम ।

घ) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम ।

**२) खर्चप्रणालीः** क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाका नीति अनुसार खर्च हुनेछ ।

**३) नाफाः** क) टोलविकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

ख) नाफाको कम्तिमा २५ प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकास**मा** खर्च गर्नु पर्नेछ।

**४) लेखा व्यवस्थापनः** संस्थाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण संस्थाको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ

ग) लेखापरिक्षण गराउनु अघिअनिवार्य सामाजिक परिक्षण गराउनु पर्नेछ ।

**५) लेखापरिक्षणः** संस्थाको लेखा परिक्षण देहाय बमोजिम हुनेछ ।

क) संस्थाले नियुक्त गरेको लेखापरिक्षकबाट लेखा परिक्षण गराउनु पर्नेछ।

ख) संस्थाले आफनो वार्षिक लेखा परिक्षणको प्रतिवेदन गाउँपालिकामा पेश समेत गर्नु पर्नेछ ।

**९.पुरस्कार, सम्मान र कदरः** टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाई वडा समिति वा गाउँपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

**१०. अनुगमन तथा मूल्याकंन**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नपर्ने ।

ख) गाउँपालिकाले समग्र गाउँ सहर क्षेत्र भित्रको टोल विकास संस्थाहरुको आवश्यक अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थालाई पृष्ठपोषण गर्न सक्नेछ ।

**११.संसोधनः** यस कार्यविधिलाई व्यवस्थित तर प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार गाउँकार्यपालिकाले संसोधन वा खारेज गर्न सक्नेछ ।

**१२.बचाउ तथा खारेजी :**यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य प्रचलित संस्था दर्ता ऐनसँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

# अनुसुचि-१
## (कार्यविधिको दफा-३ (च) सगँ सम्वन्धित )
## (नमुना)

................................संस्थाको विधान **२०७७**

**आमचोक गाउँपालिका वडा नं-**

**प्रस्तावनाः**

“**आफ्नो टोल आफै सुधारौ भन्ने मूल नाराका साथ** स्थानीय रुपमा उपलव्ध श्रम सिप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै **गाउँ**को सामाजिक तथा आर्थिक व्यवस्थालाई एक अर्काको परिपुरकको रुपमा विकसित गरी गरिवी न्युनीकरणका प्रयासमा ठोस योगदान पुर्याउने, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ................................ .टोल विकास संस्था स्थापना गरी संचालन गर्न वाञ्छनिय भएकोले यो विधान वनाइएको छ ।

**१. प्रारम्भिकः**

संक्षिप्त नाम र प्रारम्भ

क) यो विधान...............................**टोल विकास संस्था**को विधान हुनेछ ।

ख) यो संस्थाको नाम.......................टोल विकास संस्था, .......हुनेछ ।

ग) यो विधान ......................... टोल विकास संस्थाको साधारण सभावाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

घ) यस संस्थाको कार्यालय ................... मा हुनेछ ।

ङ) यस संस्थाको सिमाना देहाय वमोजिम हुनेछ ।

पूर्व. पश्चिम..

उत्तर दक्षिण

**२. परिभाषाः**

विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

१. संस्था भन्नाले ............................ **टोल विकास संस्था**लाई समझनुपर्छ ।

२. विधान भन्नाले .................... टोल विकास संस्थाको विधानलाई सम्झनुपर्छ ।

३. साधारणसभा भन्नाले.................. **टोल विकास** संस्थाको साधारण सदस्यहरुको भेला सम्झनुपर्छ ।

४. समिती भन्नाले ...................टोल विकास संस्थाको कार्य समिति सम्झनुपर्छ ।

५. वैठक भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै वैठक सम्झनुपर्छ ।

६. पदाधिकारी भन्नाले कार्यसमितीका अध्यक्ष, **उपाध्यक्ष,** कोषाध्यक्ष, सचिव र सदस्यहरुलाई जनाउछ ।

**३. संगठित संस्था हुने :** क) संस्थाको आफ्नो छुटै छाँप हुनेछ । साथै संस्थाले व्यक्ति सरह आफ्नो नामवाट कार्य गर्न सक्नेछ ।

ख) संस्थाले चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न सक्नेछ । तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन । संस्था विगठन भए सो संस्थाको सम्पूर्ण चलअचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

**४ संस्थाका उद्देश्यहरु :** संस्थाको संस्थागत, सामाजिक तथा आर्थिक विकासका लागि देहाय वमोजिमको उद्देश्य हुनेछ ।

क) टोलस्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने ।

ख) स्थानिय उत्पादन वृद्धी गरी टोलवासीहरुको गरिवी न्यूनीकरणमा मद्दत पुयाउने ।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो पारदर्शी र गुणस्तरीय वनाउदै वनाउन स्थानीय समुदायको व्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुर्याउने ।

घ) संस्थालाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्यांकन प्रक्रियामा सक्रिय सहभागिता वनाउने ।

**५. टोल विकास संस्था र टोल विकास कार्यसमितिको गठन:** टोल विकास कार्यसमितीको गठन देहाय वमोजिम हुनेछ ।

क) गाउँपालिका क्षेत्रका वस्तिहरुको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घर परिवारका सदस्यहरुवाट टोल विकास संस्थाको गठन गरिनेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलावाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यकता अनुसारका सदस्यहरु रहेको एक टोल विकास कार्य समिति गठन हुनेछ । दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा वहुमतवाट पूर्नगठन हुनेछ । टोल विकास कार्य समितिको अवधि ३ वर्षको हुनेछ । एकपटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति पुनः सोही पदमा लगतै तीन वर्षको अवधि व्यतित नभई नियुक्त हुने छैन । कार्य समितिमा कम्तिमा ३३ प्रतिशत सदस्यहरु र अध्यक्ष वा कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ग) टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पुर्ण घरधुरीलाई समेट्नुपर्दछ । यदि सो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुको कम्तीमा ४० प्रतिशत महिला आवद्ध गराउनुपर्छ ।

**६. संस्थाका कार्यहरुः** टोल विकास संस्थाका कार्यहरु देहाय वमोजिम हुनेछन्:

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सवै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।

२. संस्थाका सदस्यहरुलाई उद्यमशिलता तर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने तथा सोहि वमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

३. टोलमा आइपरेका समस्याहरु समाधान गर्न एक अर्कामा भाइचारा सम्वन्ध कायम गरी सभ्य समाजको सिर्जना गर्ने ।

४ उपलव्ध स्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना वनाउने ।

५. एच.आइ.भी एड्स, अशिक्षा , अनधविश्वास , छाउपढि , वहुविवाह , वालविवाह, छुवाछुत जस्ता सामाजिक समस्याका वारेमा सम्पुर्ण टोल विकास संस्थाका सदस्यहरुलाई चेतना वृद्धि गर्ने ।

६. आफ्नो टोल तथा सार्वजनिक स्थलम वृक्षारोपण गर्ने ।

७. आफ्नो टोल र वडालाई वातावरणमैत्री तथा वालमैत्री वनाउने विभिन्न कार्यक्रम अघि सार्ने ।

८. टोलमा वसोवास गर्ने वासिन्दाका वीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा र अपराध लगायतका सामाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

९. वातावरण मैत्री स्थानिय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र गाउँपालिका लाई सो सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।

१०.आफ्नो टोल वस्तीलाई नमुना वस्तीको रुपमा विकास गर्ने सहयोग गर्न सहयोग गर्ने।

११. हरित गाँउ शहर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन आचार संहिता तथा मापढण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदी अभियानमा सहयोग गर्ने ।

१४. टोलमा रहेका सार्वजनिक, पर्ति, ऐलानी आदी जग्गाको संरक्षण तथा व्यवस्थापनमा गाउँपालिकालाई सहयोग गर्ने

१५. गाउँपालिकाको राजस्व परिचालनका लागि सहयोग प्रदान गर्ने ।

१६. संस्थाको अध्यक्ष, उपाध्यक्ष कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा वहुमतमा गर्ने ।

१७. गाउँपालिकासँग भएको समभ्रुदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

१८. गाउँपालिकासँगको सम्झौता अनुसार विकास निर्माण लगाएत अन्य कार्य संचालन गर्ने ।

**७. सदस्यताः** संस्थामा सदस्यता देहाय वमोजिम हुनेछ ।

क) यस विधानको उद्द्देश्य वमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने ।

ख) सदस्य वन्न इच्छुक नयाँ टोलवस्ती लाई संस्थाले तोके वमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहने :** देहाय वमोजिमको अवस्थामा संस्थाको सदस्यता रहने छैन ।

क) सदस्यको मृत्यू भएमा ।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा ।

तर संस्थाको निर्णय उपर चित्त नवुभ्रुेमा साधारण सभामा पेश गर्ने र साधारण सभाको निर्णय अन्तिम हुनेछ ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालना नगरेमा संस्थाले निर्णय गरी सम्पुर्ण सदस्यलाई जानकारी गराई हटाएमा ।

घ) संस्थालाई हानि नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टाचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाको सदस्यतावाट हटाउन सकिनेछ । तर सोही घर घुरीको अर्को सदस्य संस्थाको सदस्य वन्न सक्नेछ ।

तर सम्वन्धित सदस्यहरुलाई सफाइ दिने अवसरवाट वञ्चित गरिने छैन । यस सम्वन्धि अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ ।

ङ) नेपालको प्रचलित कानुनको निषेध गरेको कार्य गरेमा ।

**९. संस्था गठन एवं कार्य संचालन विधि :** संस्थाको गठन एवं कार्य संचालन विधि देहाय वमोजिम हुनेछ ।

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णय वाट टोल क्षेत्र निर्कौल गरेपछि त्यस टोल भित्र वसोवास गर्ने अधिकाशं घरधुरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ ।

ख) टोल विकास संस्था गठन गर्न उपस्थित भएका व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा एक एक जना अध्यक्ष, उपाध्यक्ष,कोषाध्यक्ष र सचिव र अन्य घरधुरीहरु सदस्य हुनेछन ।

ग) संस्थामा कम्तिमा ४० प्रतिशत महिला सदस्य रहनेछन । अध्यक्ष, कोषाध्यक्ष र सचिव मध्ये कम्तिमा १ जना महिला हुनेछ ।

**१०) संस्थाका पदाधिकारीहरुको काम कर्तव्य र अधिकार** : संस्थाका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन ।

**क) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछन ।** १) संस्थाको नियमित वैठक वोलाउने ।

२. वैठकको अध्यक्षता गरी वैठक संचालन गर्ने ।

३. वैठकमा अनुशासनको पालन गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने ।

४. छलफल हुँदा सवैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने ।

५. निर्णयहरु लागु गर्ने र गर्न लगाउने

६. सचिव र कोषाध्यक्षलाई आवश्यकता अनुसार सहयोग गर्ने ।

७. संस्थाले आजृन वा प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रवन्ध मिलाउने ।

८. आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने गराउने ,

९. विशेष वैठकका आवश्यकता परेमा विधान वमोजिम वैठक वोलाउने ।

**ख) संस्थाको उपाध्यक्षको काम कर्तव्य र अधिकार :** १ अध्यक्षको आदेश अनुसार वैठक वोलाउने ।

२.अध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने ।

ग) संस्थाको सचिवको काम कर्तव्य र अधिकारः १ अध्यक्षको आदेश अनुसार वैठक वोलाउने ।

२.अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा वैठकको अध्यक्षता गर्ने ।

३ एक तिहाइ सदस्यहरुले विशेष वैठकका लागि लिखित माग गरेमा विधान वमोजिम वैठक वोलाउने ।

३. वैठक पुस्तिकामा उपस्थिति गराउने ।
५. छलफलका प्रस्तावहरु संकलन गरी वैठकमा पेश गर्ने र वैठकको निर्णय लेखी निर्णय प्रमाणित गराउने ।
४ संस्थाको क्रियाकालापको वारेमा सदस्यहरुलाइ जानकारी गराउने ।

**घ) संस्थाका कोषाध्यक्षको काम,कर्तव्य र अधिकार** : १.संस्थाले गरेको आर्थिक कारोवारको लेखापरिक्षण गराउने ।
२. वैकमा सयुक्त रुपमा खाता संचालन गर्ने ।
३ अन्य सदस्यहरु सँग समन्वय राखी सहयोग लिने दिने ।
४. संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**ङ) संस्थाका सदस्यहरुको काम, कर्तव्य र अधिकार:** १ गाउँपालिका सँग भएको समझदारी पत्रमा उल्लेखीत शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने ।
२ संस्थाको हिसाव किताव जाच गर्ने ।
३ संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्यांकन नियमित रुपमा गर्ने ।
४.आवश्यकताअनुसार संस्था संचालनका लागि निति, नियमहरु वनाउने र सो नियमहरु पालना गर्नमा सहयोग गर्ने ।
५ वैठकमा नियमित उपस्थित भै प्रत्येक विषयमा हुने छलफलमा सक्रियतापुर्वक भाग लिने ।
६. तोकिएका अन्य कार्यहरु गर्ने ।

**११. साधारण सभाको गठन र कार्यप्रणाली:** साधारणसभा गठन र कार्य प्रणाली देहाय वमोजिम हुनेछ ।
१) संस्थाको सम्पुर्ण सदस्यहरु रहेको एक साधारण सभा हुनेछ ।
२) साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ । निजले अनुपस्थितिमा संस्थाको उपाध्यक्ष, सचिव र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ ।
३) साधारण सभा संस्थाको सर्वोच्च निकायले गर्नेछ ।

**१२ साधारण सभाको काम, कर्तव्य र अधिकार** : साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।
क) संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश भएका विषयमा सल्लाह दिने ।
ख) लेखापरिक्षक नियुक्त गर्ने ।
ग) संस्थाको लेखा परीक्षकको प्रतिवेदन पारित गर्ने ।
घ) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।
ङ) कार्य समिति सम्वन्धमा भएका उजुरी पुनरावलोकन सुन्ने र निर्णय गर्ने ।
च) संस्थाको विधान संशोधन गर्ने ।
छ) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने ।
ज) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**१३. आर्थिक व्यवस्था :** क) संस्थाको देहाय वमोजिम आर्थिक स्रोत हुनेछ ।

- सदस्यता प्राप्त शुल्क ।
- सरकारी तथा गैह्रसरकारी संस्थावाट प्रात्त हुने अनुदान ।

- संस्थाको क्रियाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।
- अन्य आम्दानी ।

ख) प्रत्येक असार मसान्तमा लेखा तयार गरी परिक्षण पश्चात विवरण साधारण सभा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

ग) संस्थाको नाममा प्राप्त वा खरिद चल अचल सम्पत्तिको परिचालन र प्रयोग तोकिए वमोजिम हुनेछ ।

**१४) कार्य समिति तथा पदाधिकारीको राजिनामा :** क) समितिका सदस्यहरुले आफ्नो पदवाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन ।

ख) अध्यक्षंले आफ्नो राजीनामा सचिव मार्फत संस्थाको वैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे वमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई अविश्वासको प्रस्ताव :** कार्य समितीका अध्यक्ष एव पदाधिकारीहरु उपर अविश्वास लागे यथोचित कारण देखाई संस्थाका ६० प्रतिशत सदस्यहरुले विशेष सााधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न सक्नेछ । सो उपर छलफल गरी हुने निर्णयमा वहुमतलाई भन्दा सर्वसम्मतलाई वढी जोड दिइनेछ ।

**१६) विविधः** क) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारण सभामा पेश गरिनेछ ।

साधारण सभामा उपस्थित सदस्यहरुको दुईतिहाई वहुमतले विधान संशोधन हुनेछ।

ख) प्रचलित ऐन, नियमहरुसँग वाझिएका वुँदाहरु हदसम्म स्वतः खारेज हुनेछ ।

**अनुसुची २**

**(कार्यविधिको दफा –४ को (क) सगँ सम्वन्धित)**

**संस्था सूचीकृत हुन निवेदनको नमुना**

**मितिः..................**

**श्री प्रमुख प्रशासकीय अधिकृत**
**आमचोक गाउँपालिकाको कार्यालय भोजपुर**

**विषयः टोल विकास संस्था दर्ता/सुचिकृत सम्वन्धमा ।**

**उपरोक्त सम्वन्धमा आमचोक गाउँपालिका वडा नं – मा देहाय वमोजिमको चार किल्ला भित्रको क्षेत्रमा वसोवास गर्ने हामी टोलबासीहरुको मिति .................को भेलाले गठन गरेको................................टोल विकास संस्थालाई यस गाउँपालिकाको कार्यालयमा दर्ता/सुचिकृत गरिदिनुहुनको लागि यस टोल विकास संस्थामा आवद्ध टोल सदस्यहरु र कार्यसमितिका पदाधिकारीको नामावली सहित भेलाको निर्णयको प्रतिलिपि यसैसाथ संलग्न राखि निवेदन पेश गरेको छु ।**

**....................**
**अध्यक्ष**
**....................टोल विकास संस्था**

| **सिफारिस गर्ने:**<br><br>**दस्तखत......................................... वडा कार्यालयको छाँप**<br><br>**वडाध्यक्षको नाम थर...................................**<br><br>**....नं वडा कार्यालय,............ आमचोक गाउँपालिका भोजपुर** | **निवेदन**<br><br>**दस्तखत ......................**<br>**अध्यक्ष..........................**<br>**नाम थर.....................**<br>**टोल विकास संस्थाको नाम:** |
|---|---|

**अनुसुची-३**
**(कार्यविधिको दफा -३ को (ख) सँग सम्वन्धित)**
**संस्था दर्ता/सुचिकृत प्रमाणपत्र**

दर्ता नं. – ००.. /२०.. /..
मिति :- वर्ष/महिना/गते

विषय - **टोल विकास संस्था दर्ताको प्रमाण पत्र ।**

आमचोक गाउँपालिकाको वडा नं.... स्थित ............... टोलमा केन्द्र भएको " ............................ " टोल विकास संस्थालाई आमचोक गाउँपालिकाको टोल विकास संस्था सञ्चालन कार्यविधि २०७७ को दफा ४ को उपदफा १ बमोजिम यस कार्यालयमा दर्ता/सुचिकृत गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

आमचोक गाउँपालिकाको टोल विकास संस्था गठन तथा संचालन सम्वन्धि कार्यविधि २०७७ को अधिनमा रही टोल विकास संस्थाको संचालन र व्यवस्थापन हुने अपेक्षा लिइएको छ ।

दस्तखत -

नाम -
दर्जा -
मिति-

नवीकरण

| नविकरण मिति | दर्ताको नविकरण गर्नु पर्ने मिति | नविकरण दस्तुर | स्थानीय अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

आज्ञाले,
याम वहादुर उपरकोटी
प्रमुख प्रशासकीय अधिकृत